# निस्दी गाउँपालिका

## स्थानीय राजपत्र

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा


| खण्ड ६ | संख्या १ | मिति २०७९/१०/१० |
| --- | --- | --- |


# भाग २

## निस्दी गाउँपालिका

## लुम्बिनी प्रदेश, नेपाल

## निस्दी गाउँपालिका, कर्मचारी कल्याण कोष कार्यविधि, २०७९

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरुको जनशक्ति व्यवस्थापन तथा वृत्ति विकासको लागि कर्मचारी कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न आवश्यक भएकाले, निस्दी गाउँ कार्यपालिकाले यो कार्यविधि निस्दी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# निस्दी गाउँपालिका, कर्मचारी कल्याण कोष कार्यविधी, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९।०९।१५

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरूको जनशक्ति व्यवस्थापन तथा वृत्ति विकासलाई ध्यान दिदैं कर्मचारी प्रोत्साहित गरी नागरिकहरुको सेवा प्रवाहमा चुस्तता ल्याउन तथा कर्मचारीहरुको सेवा भावमा वृद्धि गर्न कर्मचारी कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न आवश्यक भएकाले, नेपालको संविधानको अनुसूची-८ अन्तरगतको अधिकारसूचीको प्रयोग गर्दै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(ङ) बमोजिम सोही ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी निस्दी गाउँपालिकाले देहायको कार्यविधी बनाई लागू गरेको छ ।

## परिच्छेद एक :
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **“निस्दी गाउँपलिका कर्मचारी कल्याण कोष कार्यविधि, २०७९”** रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कोष” भन्नाले निस्दी गाउँ कार्यपालिकाको कार्यालयद्धारा कर्मचारी कल्याणको लागि स्थापना गरेको कोषलाई सम्झनु पर्दछ ।

(ख) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) “कार्यविधी” भन्नाले “निस्दी गाउंपालिका कर्मचारी कल्याण कोष कार्यविधी, २०७९” सम्झनु पर्दछ ।

(घ) “निस्दी गाउँपालिका” भन्नाले निस्दी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “गाउँसभा” भन्नाले निस्दी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(च) “कार्यपालिका” भन्नाले निस्दी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) “समिति” भन्नाले कल्याण कोष सञ्चालनको लागि गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ज) “कर्मचारी” भन्नाले निस्दी गाउँ कार्यपालिकाको कार्यालय र अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

(झ) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेबाट सुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले निस्दी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ट) "सापटी" भन्नाले कोषका सदस्य कर्मचारीले वैंकमा रहेको कोषमा निजले जम्मा गरेको रकमबाट प्राप्त गर्न सक्ने व्याज सहित वुझाउने गरी लिएको रकमलाई सम्झनु पर्दछ ।

(ठ) "बैंक" भन्नाले दफा ३ बमोजिम गाउँपालिकाले कोष संचालनका लागि सम्झौता गरेको वैंक वा सो वैंकका अन्य शाखाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद दुईः

## कल्याण कोषको स्थापना र सदस्यता सम्बन्धी व्यवस्था

### ३. कल्याण कोषको स्थापना:

(१) निस्दी गाउँ कार्यपालिकाको कार्यालय र अन्तरगत स्थायी प्रकृयाद्वारा पदपूर्ति नहुने भनी तोकिएका करार सेवामा कार्यरत कर्मचारीहरुको लागि "निस्दी गाउँपालिका कर्मचारी कल्याण कोष" वा वैंकले तोकेको नामको कोष वैंकमा खाता खोली स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :

(क) कर्मचारी कल्याण कोषको लागि गाउँ कार्यपालिकाको कार्यालयले करार सेवामा कार्यरत कर्मचारीहरुको लागी प्रत्येक महिना थप गर्ने १०% रकम,

(ख) करार सेवामा कार्यरत कर्मचारीहरुले प्रति महिना खाईपाई आएको तलबबाट १०% बराबरको कट्टी हुने रकम,

(घ) निस्दी गाउँपालिकाबाट कोषलाई समय समयमा अनुदान स्वरूप प्राप्त रकम,

(ङ) कोषको सञ्चित पूँजीलाई उपार्जनीय कार्यमा परिचालन गरी त्यसबाट प्राप्त हुने सावाँ र व्याज रकम,

(च) कोषको रकम ऋण लगानी गरी त्यसबाट प्राप्त साँवा तथा व्याज रकम,

(छ) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(३) उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम गाउँपालिकाले पाएक पर्ने कुनै पनि बैंक सँग सम्झौता गरी "निस्दी गाउँपालिका कर्मचारी कल्याण कोष" वा वैंकले तोकेको नामको खाता खोली सोही खातावाट आर्थिक कारोवार सञ्चालन गरिनेछ ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

**४. सदस्यता :**

(१) निस्दी गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, अस्पताल तथा स्वास्थ्य चौकीहरुमा स्थायी प्रकृयाद्वारा पदपूर्ति नहुने भनी तोकिएका पदहरुमा स्वीकृत दरवन्दी अनुसार करार सेवामा नियुक्ति भइ निरन्तर दुई वर्षदेखि कार्यरत कर्मचारीहरु यस कर्मचारी कल्याण कोषको सदस्य हुनेछन् । साथै कुनै पदमा सेवा गरी अविछिन्न रुपमा अर्को पदमा नियुक्त भएमा सेवा अवधि स्वत: जोडिई कोषको सदस्य हुनेछन् ।

(२) उपदफा (१) बमोजिम सदस्यता प्राप्त त्यस्तो कर्मचारी जुनसुकै कारणवाट सेवा निवृत्त भएपछि स्वत: सदस्यताको समाप्ति भएको हुनेछ ।

(३) उपदफा (१) बमोजिमका कर्मचारीहरुको अभिलेख कार्यालयले अनुसूची १ वमोजिम अद्यावधिक गरी राख्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम योग्यता भएका कर्मचारीहरुले कोषमा आवद्ध हुन अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

**५. खाता सञ्चालन:** कोषको आर्थिक कारोवारको लागि खाता सञ्चालन गाउँ कार्यपालिकाको कार्यालयले सम्झौता गरेको बैंकमा हुनेछ ।

**६. कोषको प्रयोग:** देहाय बमोजिमका कामको लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिनेछ :

(क) कर्मचारीले उमेरको कारणले अवकाश पाएमा वा जुनसुकै तवरले नोकरीबाट अलग भएमा कार्यविधि अनुसार निजले पाउने रकम,

(ख) कर्मचारी वा निजका परिवारका आश्रित सदस्यलाई औषधोपचार गर्नुपरेमा कर्मचारीको सञ्चित रकम मध्येबाट सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाको स्वीकृति बमोजिम उपलब्ध गराइने रकम,

(ग) कर्मचारीका छोराछोरीलाई शिक्षा दिनको लागि वा अन्य कुनै कामले सापटी चाहिएमा कर्मचारीको सञ्चित रकम मध्येबाट सञ्चालक समितिको सिफारिसमा बैंकको नियमानुसार पाउने रकम,

(घ) सेवामा वहाल रहँदै कुनै कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई आर्थिक सहयोगको रूपमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरेको आर्थिक सहायता बापतको एकमुष्ट रकम ।

(ङ) कुनै कर्मचारी वा निजको परिवारको कुनै सदस्यको मृत्यु भएमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरेको दाह संस्कार र किरिया खर्च बापतको रकम ।

(च) खण्ड ख, घ, ङ बमोजिमको रकम गाउँपालिकाले कोषमा उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद तीन:

## सञ्चालक समितिको गठन र बैठक संचालन प्रक्रिया

**७. सञ्चालक समितिको गठन विधि:** (१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनको लागि एक कर्मचारी कल्याण कोष सञ्चालक समितिको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन्

| | | |
|---|---|---|
| (क) | गाउँपालिका उपाध्यक्ष : | संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत : | सदस्य |
| (ग) | सुशासन तथा संस्थागत विकास समतिका संयोजक | सदस्य |
| (घ) | गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन अधिकृत | सदस्य |
| (ङ) | करार कर्मचारीहरुको तर्फवाट १ जना | सदस्य |
| (च) | कोषको खाता रहने बैंकको तर्फबाट १ जना प्रतिनिधि | सदस्य |
| (छ) | निस्दी गाउँ कार्यपालिकाको आर्थिक प्रशासन शाखाको प्रमुख | सदस्य-सचिव |

**८. समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार:**

(क) संयोजकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) कोषको बैठकको अध्यक्षता गर्ने,

(२) कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने,

(३) कोषका हरेक क्रियाकलापको जवाफदेहिता वहन गर्ने,

(४) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(५) बैठकको निर्णय कार्यान्वयन गराउने ।

(ख) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(१) कोषको सचिवालय सञ्चालन गर्ने,

(२) कोषको बैठकमा पेश गर्ने छलफलका विषयहरू अध्यक्षसँग परामर्श गरी तयार गर्ने,

(३) बैठकको निर्णय अभिलेख गरी राख्ने,

(४) बैठकको निर्णय कार्यान्वयन गर्ने,

(५) संयोजकको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने,

(६) कोषको चल अचल सम्पत्तिको जिम्मा लिने ।

(ग) सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) समितिको बैठकमा नियमित रूपमा भाग लिने,

(२) समितिको बैठक र अन्य कार्यहरूमा पदाधिकारीहरुलाई सघाउने,

(३) समितिले दिएको जिम्मेवारीको वहन गर्ने ।

<u>९. कोष संचालक समितिको काम, कर्तव्य र अधिकार:</u> कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) कार्यपालिकाबाट पारित निर्णय कार्यान्वयन गर्ने,

(ख) गाउँ कार्यपालिका, गाउँसभा सँग सुसम्बन्ध कायम राखी निस्दी गाउँपालिकाबाट कोषको लागि आर्थिक स्रोत जुटाउन प्रयास गर्ने,

(ग) कोषको आय वृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने,

(घ) कोषका सदस्यहरूलाई समानताको आधारमा सुविधाहरू उपलब्ध गराउने,

(ङ) कोषको सञ्चित पुँजीलाई उपार्जनीय कार्यमा उपयुक्त तरिकाले परिचालन गर्ने,

(च) प्रत्येक आर्थिक वर्षको हर हिसाबको लेखापरीक्षण गराउने व्यवस्था मिलाउने,

(छ) कोषका सदस्यप्रति उत्तरदायी हुने ।

<u>१०. सञ्चालक समितिको बैठक:</u>

(१) सञ्चालक समितिको बैठक तीन महिनामा एक पटक र आवश्यकताको आधारमा सो भन्दा वढी पटक पनि बस्न सक्नेछ ।

(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको समयमा गाउँ कार्यपालिकाको कार्यालयमा बस्नेछ ।

(३) बैठकको निर्णय सामान्यतया सर्वसम्मत रूपमा गरिनेछ । यदि सर्वसम्मत रूपमा निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिनेछ । कुनै विषयमा बहुमतबाट निर्णय हुन नसकी मत बराबर भएमा संयोजकले निर्णायक मत दिन सक्नेछन् ।

(४) समितिले बैठकमा कुनै व्यक्तिलाई विशेषज्ञको रूपमा आमन्त्रण गर्न सक्नेछ । तर, त्यस्ता विशेषज्ञलाई मतदान गर्ने अधिकार हुने छैन ।

(५) सञ्चालक समितिको बैठकमा भएको काम कारबाही तथा निर्णय सञ्चालक समितिमा कुनै पद रिक्त भएको वा कुनै सदस्य अनुपस्थित भएको कारणले मात्र अवैध हुने छैन ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश

(६) सञ्चालक समितिको बैठकमा भाग लिए बापत पदाधिकारीहरुलाई गाउँपालिकाको तर्फबाट नियमानुसार बैठक भत्ता तथा खाजा खर्च उपलब्ध हुनेछ ।

(७) यस कोषबाट प्रशासनिक कार्यमा खर्च गर्न सकिने छैन ।

**११. समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व:**

(१) समितिले अन्यथा निर्णय गरेकोमा बाहेक कुनै पनि कर्मचारीले कोषबाट पाउने थप कुनै पनि सुविधालाई आफ्नो हकको रूपमा दावी गर्न पाउने छैन ।

(२) कोष सञ्चालक समितिका सदस्य तथा कर्मचारीले यस कार्यविधिको उद्देश्य विपरित हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन ।

(३) उपदफा (२) को प्रतिकूल हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा संलग्न समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकम जफत गर्न सकिनेछ ।

(४) कुनै कर्मचारीको खराव आचरण वा अन्य कुनै कारणले समितिले रोक्का गरी राखेको सुविधा बापतको रकम निजले आफ्नो आचरण सुधार गरेको पाइएमा वा निज उपर लागेको अभियोगबाट सफाइ पाएमा रोक्का रकम समेत फुकुवा गरी निजलाई एकमुष्ठ रूपमा सुविधा रकम समितिले उपलब्ध गराउने छ ।

**१२. बैठकको गणपूरक संख्या:** कर्मचारी कल्याण कोष सञ्चालक समितिको जम्मा सदस्य संख्याको ७५% सदस्यको उपस्थिति नभई बैठकको गणपूरक संख्या पुगेको मानिने छैन ।

## परिच्छेद चार:

## सापटी सुविधा सम्बन्धी व्यवस्था

**१३. सापटी सुविधा पाउने:**

(१) कोषमा सहभागी भइ एक वर्ष सेवा अवधि व्यतित गरेको कर्मचारीले मात्र कोषबाट सापटी सुविधा माग गर्न सक्नेछन् ।

(२) सापटीका लागि संचालक समितिले सिफारिस गर्दा सापटीको औचित्यता समेत विचार गरी गर्नु पर्नेछ

(३) उपदफा (१) बमोजिम सापटी सुविधा सम्बन्धी अन्य व्यवस्था बैंकको नियमानुसार हुनेछ ।

**१४. सापटी सुविधा नपाउने:** देहायका कर्मचारीले सापटी सुविधा पाउने छैनन्:

(क) कर्मचारी कल्याण कोषमा योगदान नगर्ने कर्मचारी, वा कोषको सदस्यता नलिएका कर्मचारी ।

(ख) गाउँ कार्यपालिकाको कार्यालय र अन्तरगत कार्यरत स्थायी कर्मचारीहरु,

मिस्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल मित्याल, पाल्पा

(ग) यो कार्यविधि प्रारम्भ भएका बखत सेवाबाट अवकाश पाइसकेका करार कर्मचारीहरु,

(घ) निस्दी गाउंपालिकाको सम्पत्ति हिनामिना गरेका वा भ्रष्टाचार गरेको अभियोगमा कारबाही चलिरहेका कर्मचारीहरु,

**१५. कबुलियतनामा गर्नुपर्नेः** यो कार्यविधि बमोजिम ऋण प्राप्त गर्ने कर्मचारीले त्यस्तो ऋण प्राप्त गर्नु अघि बैंकले तोकेको ढाँचामा कबुलियतनामा गर्नुपर्नेछ ।

**१६. रकम पाउनेः**

(१) यो कार्यविधि बमोजिम जम्मा भएको रकमबाट कोषमा आबद्ध कर्मचारीले अवकाश प्राप्त गर्दा वा जुनसुकै तवरबाट सेवाबाट हट्दा पाउने रकम यसै कोषवाट प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम पाउने रकम देहाय बमोजिम उपलब्ध गराइनेछ ।

(क) दुई वर्षदेखि निरन्तर करार सेवामा काम गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक महिनाको खाइपाइ आएको पारिश्रमिकवाट १०% कट्टी भएको र गाउँ कार्यपालिकाको कार्यालयवाट १०% थप गरि जम्मा भएको रकम र सोको वैंक व्याज गरी एकमुष्ट रकम ।

(ख) कोषमा आबद्ध कर्मचारी आफु पदीय दायित्ववाट अलग हुन चाहेमा वा सेवा छोड्न चाहेमा सो को जानकारी १५ दिन भन्दा अगाडी नै गाउँ कार्यपालिकाको कार्यालयमा दिनु पर्नेछ ।

(ग) उपदफा २(क) मा जुनसुकै कुरा भनिएता पनि कुनै कर्मचारीले लिएको सापटी सुविधा फिर्ता गर्नु बाँकी रहेकोमा उक्त फिर्ता गर्नुपर्ने रकम घटाइ बाँकी हुन आउने रकम मात्र सम्बन्धित कर्मचारीलाई उपलब्ध गराइनेछ ।

**१७. वीमा सम्बन्धी व्यवस्थाः**

(१) कोषमा आबद्ध हुन योग्यता पुगेका कर्मचारीको लागि गाउँपालिकाले आवधिक वीमा सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आवधिक वीमा बापत लागेको प्रिमियम रकमको आधा भाग कर्मचारी स्वयम्ले व्यहोर्नु पर्नेछ । आधा भाग नव्यहोर्ने कर्मचारीले वीमाको सुविधा पाउने छैन ।

(३) विमा सम्बन्धी थप कार्य व्यवस्थित गर्न गाउँ कार्यपालिकाले आवश्यक मापदण्ड बनाउनेछ । उक्त मापदण्ड लागू भएपश्चात मात्र यस दफा बमोजिमको विमा सम्बन्धी व्यवस्था कार्यान्वयन गरिनेछ ।

**१८. थप आर्थिक सहायता सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधिले समेटेका कर्मचारीहरुलाई थप आर्थिक सहायता उपलब्ध गराउन परेको अवस्थामा देहाय बमोजिम संचालक समितिले गर्नुपर्नेछ :

(क) कार्यालयको कामको सिलसिलामा चोटपटक लाग्न गई उपचार गराउनु परेमा,

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

(ख) नेपाल भित्र उपचार हुन नसक्ने भनी मेडिकल बोर्डबाट सिफारिश भएको अवस्थामा,

(ग) संचालक समितिले थप आर्थिक सहायता दिन मनासिब ठहऱ्याइ कार्यपालिकाबाट स्वीकृत भएमा ।

(२) थप आर्थिक सहायता सम्बन्धी कार्यको लागि गाउँपालिकाले यस कार्यविधि बमोजिमको कोषमा तोकिए बमोजिमको रकम जम्मा गर्नुपर्नेछ ।

(३) थप आर्थिक सहायता सम्बन्धी कार्यलाई गाउँ कार्यपालिकाले आवश्यक मापदण्ड बनाइ लागू गर्न सक्नेछ । उक्त मापदण्ड लागू भएपश्चात मात्र यस दफा बमोजिमको थप आर्थिक सहायता सम्बन्धी व्यवस्था कार्यान्वयन गरिनेछ ।

**१९. समितिको लेखा र लेखापरीक्षण:**

(१) कर्मचारी कल्याण कोषको लेखा राख्ने दायित्व आर्थिक प्रशासन शाखाको हुनेछ । शाखाले नियमानुसार तोकेको प्रक्रिया तथा ढाँचामा लेखा राख्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको स्रेस्ता महालेखा परिक्षकको कार्यालयवाट लेखा परिक्षण गराउनु पर्नेछ ।

**२०. सुविधा तथा सहुलियतबाट वञ्चित गरिने अवस्था:**

देहायको अवस्थामा यस कार्यविधि बमोजिम कर्मचारी कल्याण कोषमा आबद्ध कर्मचारीलाई पूरै वा आंशिक रूपमा कर्मचारी कल्याण कोषबाट दिइने सुविधाबाट वञ्चित गर्न सकिनेछ :

(क) निस्दी गाउँपालिकालाई आँच पुऱ्याउने कार्य गरेको प्रमाणित भएमा,

(ख) गैर कानूनी काम गरेको प्रमाणित भएमा,

(ग) यस कार्यविधी बमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

**२१. लगानी गर्न सक्ने:**

(१) कोषमा जम्मा रहेको रकम गाउँ कार्यपालिकाको स्वीकृति लिई कोष संचालक समितिले नेपाल सरकारबाट स्वीकृती प्राप्त वित्तीय संघ संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, जमानतपत्र वा बचतपत्रमा लगानी गर्न सक्नेछ ।

(२) संचालक समितिको निर्णयअनुसार गाउँ कार्यपालिकाको स्वीकृति लिई समग्र कर्मचारीको हितका लागि तथा कोषको पूँजी अभिवृद्धिका लागि कोषको रकम भवन, आवास, शिक्षा, स्वास्थ्य आदि उपयुक्त क्षेत्रमा लगानी गर्न सकिनेछ ।

**२२. सापटी अवधि र फिर्ता भुक्तानी:**

(१) दफा १३ बमोजिमको सापटी सुविधाको फिर्ता अवधि र भुक्तानी विधि बैंकले तोके बमोजिम हुनेछ ।

गाउँ निस्दी गाउँपालिका कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल

(२) रकम सापटी लिएका कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भए तापनि कोषले लिनुपर्ने सम्पूर्ण रकम निजबाट असुल नभएसम्म कोषमा सञ्चित रहेको निजको रकम फिर्ता भुक्तानी दिइने छैन ।

(३) सापटी लिएको रकम भन्दा निजको सञ्चित बाँकी रकम कम भई कोषको लगानी नउठ्ने अवस्था परेमा त्यस्तो सापटी लिने कर्मचारीको जुनसुकै बाँकी वक्यौता रकम वा अन्य सम्पत्तिबाट बाँकी रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**२३. निर्देशन दिन सक्ने:**

कोष सञ्चालन सम्बन्धी विषयमा गाउँ कार्यपालिकाले कोष संचालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२४. अनुगमन तथा रेखदेख:**

(१) कोष सञ्चालन सम्बन्धी कार्यको अनुगमन तथा रेखदेखको जिम्मेवारी संचालक समितिको हुनेछ ।

(२) कोष संचालन सम्बन्धमा कुनै विवाद भएमा समितिको निर्णय अन्तिम हुनेछ ।

## अनुसूची १ : कोषका कर्मचारीहरुको अभिलेख किताव

दफा ४ को उपदफा (३) सँग सम्बन्धित

| द.नं. | मिति | कर्मचारीको नाम थर | ना.प्र.नं. | पद | शुरु नियुक्ति मिति | कोष कट्टी शुरु गरेको मिति | सापटी सुविधा लिएको मिति | सापटी फिर्ता गरेको मिति | थप सुविधा सम्बन्धी विवरण | सेवावाट अवकास लिएको मिति | अवकास हुनुको कारण | वढुवा भएको मिति र पद | कर्मचारीको फोटो | प्रमाणित गर्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

## अनुसूची २ : सदस्यताका लागि निवेदनको ढाँचा
दफा ४ को उपदफा (४) सँग सम्बन्धित

श्री संयोजक ज्यू, मिति

कर्मचारी कल्याण कोष सञ्चालक समिति,

निस्दी गाउँपालिका,

मित्याल, पाल्पा ।

उपरोक्त विषयमा निस्दी गाउँपालिका कर्मचारी कल्याण कोष कार्यविधि, २०७९ को दफा ४ बमोजिम सदस्यता प्राप्त गर्न मेरो योग्यता पुगेकाले उक्त कल्याण कोष कार्यविधि अनुसार देहायको वैयक्तिक विवरण सहित सदस्यताका लागि निवेदन पेश गरेको छु।

नाम थर : नेपालीमा : ........................................ अंग्रेजीमा : ......................................

बुवाको नाम थर : .................................... आमाको नाम थर : ........................................

बाजेको नाम थर : ................................ श्रीमान/श्रीमतीको नाम थर : ................................

स्थायी ठेगाना : ..................................................................................................................

शुरु नियुक्ति मिति : ....................... पद : ......................... सेवा अवधि : .........................

नागरिकता नं., जारी मिति र जिल्ला : ......................./............................./...........................

जन्म मिति : .........................

हस्ताक्षर : .........................

ल्याप्चे : फोटो :

| दायाँ | बायाँ |
|---|---|
| | |

आज्ञाले
०८९/१०/१०
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा